जि.प्र.का.द.नं.:४८/०७३/०७४
साप्ताहिक
# जननिगरानी
व्यवसायीक पत्रकारीता लोकतन्त्रको आधार,
सम्वृद्ध र विकासको साझेदार
Jananigrani Weekly




वर्ष ५, अंक २७, पौष १८ गते आइतबार २०७८, 2 January Sunday 2021 नेपाल सम्वत ११४२, पृष्ठ ६ मूल्य रू. ८।-



बागलुङ जिल्लाको जैमिनी नगरपालिका वडा नम्बर १० राङखानीस्थित पर्यटकीय लेक हाँडीकोटबाट सूर्योदय अवलोकन गर्दै आन्तरिक पर्यटकहरु । दुई हजार १५५ मिटर उचाइमा अवस्थित हाँडडीकोटमा सुर्योदय अवलोकनको लागि आन्तरिक पर्यटकहरुको चहलपहल हुन थालेपछि स्थानीय पालिकाले पर्यटकीय पूर्वाधार निर्माण गर्न थालेको छ । *-तस्विर: अर्जुन कार्की*

# ढिला सुस्ती विरुद्ध काँग्रेसको खबरदारी




**जननिगरानी संवाददाता**
**बागलुङ**

नेपाली काँग्रेस बागलुङले जिल्लामा सञ्चालित राष्ट्रिय गौरवका आयोजना निर्माणको ढिलासुस्ती विरुद्ध खबरदारी अभियान सञ्चालन निर्णय गरेको छ ।

जिल्लामा नवनिर्वाचित समितिको पहिलो बैठकले राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न नगर्दा जनताले दुःख पाएको निस्कर्ष निकाल्दै समय अवधिभित्रै काम सम्पन्न सरकार, ठेकेदार र पार्टी नेतृत्वसँग आवश्यक समन्वय, निर्देशन र सहकार्य गर्न माग गर्ने निर्णय गरेको हो ।

राजनीतिक दल, पार्टी र सरकारले निर्माण कम्पनीलाई संरक्षण गरे त्यस विरुद्ध सडक आन्दोलनसम्म गर्न सक्ने पार्टी जिल्ला सभापति जित सेरचनले बताउनुभयो । 'जिल्लाको विकास निर्माणसँग कसैसँग सम्झौता हुँदैन' उहाँले भन्नुभयो-'जनताले दुःख पाएका छन, ठेकेदारलाई राजनीतिक संरक्षण गर्नु हाम्रो पार्टीलाई मान्य हुँदैन ।'

बागलुङमा राष्ट्रिय गौरवका सडक आयोजना मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर, सालभ्रुण्डी-ढोरपाटन सडक आयोजना र उत्तरगंगा जलाशययुक्त आयोजना अधुरा छन् । लोकमार्गको बागलुङ उपल्लाचौर-घोडाबाँधे खण्ड लामो समयदेखि कालोपत्रे नहुँदा स्थानीयले बर्खामा हिलो र हिँउमा धुलो खेप्न बाध्य छन् । कालीगण्डकी करिडियोको स्तरवृद्धि तथा कालोपत्रे, सालझण्डी सडकको स्तरवृद्धि र

.............. बाँकी ६ पेजमा

# बागलुङका ८६ हजारले लगाए कोरोनाको पूर्ण खोप

**जननिगरानी संवाददाता**
**बागलुङ**

बागलुङका ८६ हजार ८९२ जना नागरिकले कोरोना विरुद्धको पूर्ण मात्रा खोप लगाएका छन् ।

विभिन्न चरणमा सञ्चालित खोप अभियानबाट एक लाख ३८ हजार ७८२ जनाले पहिलो मात्रा खोप लगाएका हुन । स्वास्थ्य कार्यालय बागलुङका अनुसार ५१ हजार ८९० जना दोस्रो डोजको पर्खाइमा छन् ।

स्वास्थ्य कार्यालयका खोप सुपरजाईजर राजु खत्रीका अनुसार जिल्लामा १८ बर्षमाथि उमेर समुहका एक लाख ५९ हजार ३०४ जना नागरिक छन् । हालसम्म दुई लाख ४५ हजार ३७८ डोज खोप प्राप्त भएको थियो ।

कोभिडसिल २१ हजार ९३९, भेरोसेल ५१ हजार ५९६, ज्यानसन १२ हजार २६६ र फाईजर एक हजार ५१ जनाले पूर्ण खोप पाएको खोप सुपरभाईजर खत्रीले जानकारी दिनुभयो । १८ बर्षमाथिका ८७ प्रतिशत नागरिकले पहिलो डोज खोप प्राप्त गरेका छन् । पूर्ण डोज पाउने नागरिकको संख्या ५४ प्रतिशत छ ।

यस्तै, बागलुङका नौ स्थानीय तह कोरोना संक्रमित मुक्त भएका छन् । दश स्थानीय तह रहेको यहाँको बागलुङ नगरपालिकामा नौ जना कोरोनाका बिरामी छन् । अन्य स्थानीय तहमा संक्रमितको संख्या शुन्य हुँदा ति स्थानीय तहलाई कोरोना संक्रमणको को न्युन जोखिमको

.............. बाँकी ६ पेजमा









गुहेली सञ्चार सहकारी संस्था लिमिटेडद्वारा संचालित जननिगरानी साप्ताहिक

*अध्यक्ष:* खिमबहादुर कार्की
*सम्पादक:* नविन शिशिर वि.क.
अतिथि सम्पादक: ढिल शिरीष
*सह-सम्पादक:* अर्जुन कार्की
कार्यालय: काँठेखोला गाउँपालिका-२, भीमापोखरा
सम्पर्क कार्यालय: बागलुङ नगरपालिका-२, बागलुङ
फोन नम्बर: ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५४५०
इमेल: Jananigrani.bgl@gmail.com
मुद्रण: नमुना छापाखाना,
बागलुङ नगरपालिका-३, बागलुङ

## सम्पादकीय

# महिला टोलीले राखेको शान

बङ्गलादेशको राजधानी ढाकाका हालैसम्पन्न एसियन सेन्ट्रल जोन वुमन्स भलिबल च्याम्पियनसिप महिला तर्फको उपाधी नेपाली महिला टोलीले जितेको छ । नेपाली महिला टोलीले खेल अवधिभर कुनै पनि हार बेहोर्नु परेन । सबै खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्दै नेपालले उपाधी चुम्यो । नेपाली महिला भलिबल टिमको लागि यो दोस्रो अन्तर्राष्ट्रिय उपधी हो । सन २०१९ को यही अन्तर्राष्ट्रिय उपलब्ध नेपाली टोलीले सुरक्षित गरेको थियो । उक्त प्रतियोगीतामा नेपाली पुरुष भलिबल समुह पनि सहभागी थियो । यद्यपी पुरुष भलिबल टोलीले उपाधी रक्षा गर्न सकेन । महिला टोलीले देशको शान उच्च राख्यो । गौरव बढायो ।

प्रतियोगीतामा आयोजक बङ्गलादेशसँगै माल्दिभ्स, श्रीलङ्का, उज्वेकिस्तान र किर्गिस्थानका महिला टोलीको सहभागिता थियो । उनीहरु कमजोर थिएनन । तर नेपालीले उच्चकोटीको प्रदर्शनी, खेल कौशल देखायो । सिमित स्रोत साधन, सुविधा र प्रशिक्षणबाट नेपाली महिला टोलीले प्राप्त गरेको अन्तर्राष्ट्रिय उपलब्धीले नेपालीको गौरव बढाएको छ नै । यो उपलब्धीले नेपाली महिला टोली अन्तर्राष्ट्रिय स्तरको खेल क्षमता राख्न सक्षम छ भन्ने सन्देश दिएको छ । सिमित स्रोत साधनको बीचमा पाएको उपलब्धीलाई आगमी दिनमा कायम राख्नु अर्को चुनौती हो । महिलाहरुको लागि घर, परिवार र समाज छोडेर बाहिरी जिम्मेवारी सम्हाल्नु हाम्रो जस्तो सामाजिक परिवेश भएको समाजमा कम चुनौतीपूर्ण छैन । उनीहरु पारिवारीक घेरा भन्दा बाहिर निस्कने अवसर प्राप्त गरे गौरवपूर्ण काम गर्न सक्छन भन्ने सन्देश पनि दिएका छन् ।

सरकारले महिला टोलीको प्रोत्साहन गर्न पुरस्कार राशीको घोषण गरेको छ । यो सकरात्मक पक्ष हो । यो टोली र नयाँ खेलाडीको उत्पादनमा राज्य र नीजि क्षेत्रले विशेष ध्यान दिनु अनिवार्य छ । खेलकुदलाई फुर्सदको समय कटाउने माध्यम भन्दा पनि खेल व्यवसायिक बन्न सक्छ । खेलको माध्यमबाट परिवार पाल्न सकिन्छ । जीवन निर्वाह गर्न सकिन्छ भन्ने विश्वासको बातावरण बताउनेतर्फ राज्य र नीजि क्षेत्रका ठुला धरानाले ध्यान दिन सक्यो भने थप अन्तर्राष्ट्रिय उपाधी भित्रने छन् । खेलकुदमा समर्पण हुने खेलाडीको कमी हुने छैन ।

## बागलुङका १० स्थानिय तहका प्रमुख र उपप्रमुखहरुको फोन नम्बर

### नगरपालिकाहरु

**बागलुङ नगरपालिका**
प्रमुखः जनकराज पौडेल (९८५७६२०६४९)
उपप्रमुखः सुरेन्द्र खड्का (९८५७६२०१६६)

**जैमिनी नगरपालिका**
प्रमुखः इन्द्रराज पौडेल (९८४७७२९५३६)
उपप्रमुखः लिला राना (९८५७६२२२४३)

**गल्कोट नगरपालिका**
प्रमुखः भरत गैरे (९८५७६४०७५१)
उपप्रमुखः रेनुका काउचा (९८५११४०८७९)

**ढोरपाटन नगरपालिका**
प्रमुखः देव कुमार नेपाली (९८५६०२६३३०)
उपप्रमुखः करमति पुन मगर (९८४६८३८१९०)

### गाउँपालिकाहरु

**काठेखोला गाउँपालिका**
अध्यक्षः अमर थापा (९८५७६२२५७५)
उपाध्यक्षः अर्जुन बहादुर खत्री (९८४७६३७१७४)

**ताराखोला गाउँपालिका**
अध्यक्षः प्रकाश घर्ति मगर (९८५७६६६११२६)
उपाध्यक्षः डिल कुमारी पुन (९८४७६७०१८४)


**बरेङ गाउँपालिका**
अध्यक्षः कृष्ण प्रसाद शर्मा (९८५७६२२५५१)
उपाध्यक्षः डिल कुमारी पुन (९८४७६८३०६०)

**बडिगाड गाउँपालिका**
अध्यक्षः मेहरसिंह पाईजा (९८४६८८३४६५)
उपाध्यक्षः अमर बहादुर श्रीस (९८४७२००३९८)

**निसीखोला गाउँपालिका**
अध्यक्षः तारानाथ शर्मा (९८०६१९७५११)
उपाध्यक्षः शोभा कुमारी कार्की (९८४७७२९८६६)

**तमानखोला गाउँपालिका**
अध्यक्षः जोकलाल बुढा (९८५७६२१२१९)
उपाध्यक्षः मानसरी शेरचन (९८६७६०५३९१)

# पूँजीगत खर्चः ओझेलमा परेका १० पाटा




अर्थमन्त्री जनार्दन शर्माले चालु आर्थिक वर्षको पूँजीगत खर्च बढाउने विषयमा बाक्लै बैठक र छलफल आयोजना गरिरहेका छन् । मन्त्रीहरूसँगको छलफलमा पुस मसान्तसम्म ३० प्रतिशत खर्च गर्नुपर्ने औंल्याएका छन् । मन्त्रीको अनुरोध-निर्देशन लगत्तै विभागीय मन्त्री तथा सचिवहरूले मातहत निकाय-आयोजनाहरूलाई सोही बमोजिमको निर्देशन दिइसकेका समाचारहरू आएका छन् । चालु आ.व. मा मात्र होइन पछिल्ला वर्षहरूमा पूँजीगत खर्चको अवस्था निराशाजनक नै देखिन्छ ।

**कस्तो छ पूँजीगत खर्चको अवस्था ?**

पछिल्लो एक दशकको पूँजीगत खर्चको अवस्था हेर्दा विनियोजित पूँजीगत खर्चको दुई तिहाइ वरिपरि मात्र खर्च हुनसकेको देखिन्छ । खर्चको प्रतिशत दुई तिहाइ वरिपरि भए पनि खर्चको प्रभावकारिता के-कति रह्यो भनी त्यसको लेखाजोखा औपचारिक रूपमा हुने गरेको पाइँदैन । अर्थशास्त्री-विश्लेषकहरू पूँजीगत खर्च प्रभावकारी हुन नसकेको भनी औंल्याइरहेका छन् । भएको पूँजीगत खर्च पनि सवारी साधन, फर्निचर, फिक्चर्स, मेशिन औजारका साथसाथै जग्गा खरीद जस्ता सजिलो प्रकृतिको पूँजीगत खर्च शीर्षकमा भएको हुँदा राष्ट्रिय पूँजी निर्माणमा पूँजीगत खर्चको आशातीत योगदान बढ्न नसकेको ठान्दछन् ।

पछिल्लो ९ वर्षको खर्चलाई हेर्दा सबैभन्दा बढी आ.व. २०६९-७० मा ८२.५६ प्रतिशत खर्च भएको छ भने सबैभन्दा कम आ.व. २०७२-७३ तथा आ.व. २०७६-७७ मा ५९ प्रतिशत मात्र पूँजीगत खर्च भएको देखिन्छ । यी दुई आ.व. मा क्रमशः भूकम्प तथा कोभिड-१९ को प्रत्यक्ष असर परेको देखिन्छ । पूँजीगत खर्च नहुनुका मुख्य कारणको रूपमा हामीले भन्दै आएका पक्षहरू जस्तै स्रोत-साधनको अभाव, खरीद कानून, निर्माण व्यवसायीको इमानदारिता, कर्मचारीको भूमिकाका साथै अदालत तथा नियामक निकायहरू जस्तै संसदीय समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट हुने गरेका आदेश तथा निर्देशन लगायत विषयहरूमा सुधारको खाँचो त छ नै यस बाहेक पनि पूँजीगत खर्च बढाउन अत्यन्तै महत्वपूर्ण भूमिका खेल्ने तर हामीले महत्व र प्राथमिकता दिन नसकेका केही विषयलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

**१. राजनीतिक दलको भूमिका खै ?**

पूँजीगत खर्च कम हुँदा सरकारमा रहेको दलको टाउको दुखाइको विषय हुने र प्रतिपक्ष दलहरूलाई भने सरकारको आलोचना गर्ने गतिलो माध्यम बन्ने गरेको छ । सरकारले खर्च गर्ने निकायहरूलाई निर्देशन दिएपछि जिम्मेवारी पूरा भएको ठान्ने र विपक्षीले सदन र सडकमा कुरा उठाएपछि दायित्वबाट उन्मुक्ति पाएको मान्ने प्रवृत्ति पछिल्ला वर्षहरूमा झन् बढेर गएको भनी आलोचना भैरहेको छ ।

सार्वजनिक खर्च जनताको दैनिक जीवनयापनसँग जोडिएको विषय भएकोले यसको प्रभावकारिता अभिवृद्धिमा सबै राजनीतिक दलहरू एकठाउँमा उभिनै पर्दछ । नागरिक समाज तथा लाभग्राही वर्गको निगरानी र खबरदारी पनि उत्तिकै आवश्यक देखिन्छ । विकास निर्माणमा पक्ष-विपक्षमा लाग्नु वा लाग्न प्रेरित गर्नुले हामीलाई पश्चगमनतर्फ धकेलिरहेको छ । यसमा संवेदनशील हुन जरूरी छ ।

**२. कारण खोज्ने कि त्रास देखाउने ?**

पूँजीगत खर्च गर्ने निकायका प्रमुखहरूको खोजी त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगतिको समयसँगै बाक्लिन्छ । मन्त्रालय तथा योजना आयोगमा हुने प्रगति समीक्षामा सबैको आशा आयोजना प्रमुख तथा ठूलो पूँजीगत खर्च गर्ने निकायका प्रमुखतर्फ देखिन्छ ।

मन्त्री तथा सचिवको कार्यकक्षमा प्रमुखहरूलाई बोलाएर कम खर्च भएकोमा सातो खाने प्रचलन कायमै छ । यसले खर्चमा सुधार आउन नसक्ने मात्र होइन समस्याको जडको पहिचान समेत हुन सक्दैन । मन्त्री, सचिव कडा रूपमा प्रस्तुत हुँदा 'हस् हजुर' भन्नु बाहेक उसँग विकल्प हुँदैन । खोजी प्रगति संकलनमा होइन कार्य सम्पादनमा गर्नुपर्दछ ।

मुआब्जाको गाँठो फुकाउने सम्बन्धी फाइल मन्त्रालय हुँदै क्याबिनेटमा थन्किएर बसेको विषयलाई अनदेखा गरी दिएको पैसा वितरण गर्न नसक्ने भनी आयोजना प्रमुखले कति पटक हप्काइ खाए होलान् । यस्ता व्यावहारिक समस्याको पहिचान र समाधानमा नलाग्ने हो भने निर्देशनको भरमा मात्र आशातीत सफलता प्राप्त गर्न सकिंदैन ।

**३. अड्डा सच्चिने कि प्रवृत्ति ?**

पूँजीगत खर्च गर्न विकास आयोजनाहरू कार्यान्वयन गर्ने मन्त्रालय निकाय सबल सक्षम हुनु पूर्वशर्त मानिन्छ । अहिलेसम्म पूँजीगत खर्च नहुनुको आम अपजस अर्थमन्त्री र अर्थ मन्त्रालयको टाउकोमा थुपारिएको देखिन्छ । अर्थ मन्त्रालयले विषयगत मन्त्रालय जिम्मेवार ठान्दछ र निर्देशन जारी गर्दछ । लगत्तै मन्त्रालयहरू विभाग आयोजनालाई अर्थको भन्दा कडा निर्देशन सहितको परिपत्र गर्ने आम प्रचलन रहेको छ ।

आयोजना सिफारिश गर्ने मन्त्रालयहरू, छनोट तथा अस्वीकार गर्ने राष्ट्रिय योजना आयोग, बजेटमा कैंची लगाउने अर्थ मन्त्रालय सबैले एकपटक इमानदारीपूर्वक स्वमूल्यांकन गर्नुपर्ने देखिन्छ । लक्ष्य निर्धारणमा तालुक निकायहरूको दबावमूलक भूमिकाले पनि प्रत्यक्ष/परोक्ष प्रभाव पारिरहेको देखिन्छ ।

**४. खर्चमा हेर्ने कि विनियोजनमा ?**

पूँजीगत खर्चको प्रतिशतको पछाडि दौडिरहँदा खर्चका लागि विनियोजन प्रणालीमा त हामी चुकेका छैनौं ? यसको खोजी आजको आवश्यकता हो । पूँजीगत खर्चको ठूलो हिस्सा विकास निर्माण वा आयोजनासँग सम्बन्धित रहेको हुन्छ । यसका लागि आयोजना कार्यान्वयनमा लैजानुपूर्वका वा छनोटपूर्वको चरण महत्वपूर्ण हुन्छ ।

राजनीतिक पहुँच वा भनसुनका आधारमा आयोजना छनोट हुने गरेको भन्ने आरोप हाम्रो बजेट प्रणालीमा सामान्य जस्तो भइसकेको छ । विनियोजन दक्षता नबढाई खर्चमा दक्षताको खोजी अपूर्ण हो । आयोजनाहरूको पूर्व सम्भाव्यता अध्ययन नहुँदै छनोट गर्ने, अझै गौरवको आयोजना वा गेम चेन्जर आयोजनाको रूपमा राखी बजेट विनियोजन गर्ने-गराउने मात्र होइन अघिल्लो वर्ष कुनै कार्य प्रारम्भ भएको छैन र हुने छाँटकाट पनि देखिएको छैन भने पनि बजेट विनियोजन भएकै देखिन्छ । अनि यसरी भएको विनियोजित बजेट कसरी खर्च हुन सक्ला ! त्यसैले पूँजीगत खर्च हुनसक्ने नसक्ने आधार साउन १ पछि होइन बजेट निर्माणकै समयमा खोजिनुपर्दछ ।

**५. न्यून कबोललाई छनोटको निर्विकल्प आधार कहिलेसम्म ?**

सार्वजनिक खरीद सम्बन्धी कानून, सोको कार्यान्वयन गर्ने सार्वजनिक निकायहरू तथा निजी क्षेत्रको ध्यान समेत कबोल अंकको वरिपरि मात्र घुमिरहेको देखिन्छ । अन्य पक्षको विश्लेषणको चक्करमा फस्न भन्दा मूर्त रूपमा देखिने कबोल अंकलाई निर्णयको आधार बनाउँदा पूँजीगत खर्च हुनसकिरहेको छैन । बोलपत्रमा सहभागी हुने व्यवसायीहरू पनि कम अंक प्रस्ताव गर्ने र जसरी पनि आयोजना-ठेक्का हात पार्ने ध्याउन्नमा नै देखिन्छन् ।

ठेक्का प्राप्त गर्ने ठेकेदारको दक्षता, क्षमता उसको इमानदारी समेतको विषय ओझेलमा पर्दा कतिपय ठेकेदारहरूले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको र आयोजनाहरू अलपत्र परेका उदाहरण प्रशस्तै छन् । यसको प्रत्यक्ष प्रभाव पूँजीगत खर्चमा परिरहेको छ ।

**६. लक्ष्य निर्धारण वैज्ञानिक**

..............बाँकी ६ पेजमा

## साप्ताहिक राशिफल

*मेषः* धैर्य एवं लगनशीलताले विभिन्न अवसर दिलाउनेछ । प्रेम जीवन र दाम्पत्य जीवनमा मधुरता छाउनेछ ।

*बृषः* धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । सानातिना बाधा आइलागे पनि आˆनो काम रोकिने छैन । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

*मिथुनः* लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । शेयर बजारबाट पनि फाइदा हुनेछ ।

*कर्कटः* आस मारिसकेको काम बन्नेछ । विद्यामा सफलता र मान प्रतिष्ठामा वृद्धि पनि होला ।

*सिंहः* लामो समयदेखिका बाधाहरू स्वतः फुकुवा हुनेछन् । अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ ।

*कन्याः* चुनौतीहरूसमेत सामना गर्नुपर्ने हुन सक्छ । पुरानो र बिर्सिसकेको साथीसँग भेट हुने सम्भावना छ ।

*तुलाः* रमणीय र सुखद् यात्राको योग छ । घर परिवारमा धार्मिक कृत्यको योग छ । पठनपाठन र शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।

*वृश्चिकः* आफन्तहरूको सहयोगले कामहरू अगाडि बढ्नेछन् । बौद्धिक कार्यमा सफलता मिल्नेछ । रोकिएको धन पनि हात पर्न सक्छ ।

*धनुः* छोटो दुरीको लाभदायक यात्रा हुनेछ । पारिवारिक जीवन सन्तोषप्रद रहनेछ । आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् ।

*मकरः* अनावश्यक र फजुलमा खर्च बढ्नेछ । मन खिन्न हुने स्थिति आउनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।

*कुम्भः* लगनशीलताले कामहरू पनि अगाडि बढ्नेछन् । समाजिक कार्यमा मन जाला । बोलीको प्रभाव बढ्दै जानेछ ।

*मीनः* मित्रबाट विशेष सहयोग मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइनेछ । शुभ समाचार पनि सुन्न पाइएला ।

-ज्यो.प. नारायणप्रसाद ढुलाल

स्रोतः हाम्रोपात्रो



# काठेखोला गतिविधि



## परालको गुन्द्री बुन्दै महिलाहरु

बागलुङ जिल्लाको काठेखोला गाउँपालिका-२ भीमापोखरा ढपसास्थित परालको गुन्द्री बुन्दै महिलाहरू । गाउँघरमा भुईमा बस्नको लागि परालको गुन्द्री प्रयोग गरिन्छ । अहिले परम्परागत तरिकाले गुन्द्री बुन्ने पेशा सङ्कटमा परेको छ ।

-तस्विर: अर्जुन कार्की/जननिगरानी साप्ताहिक

- पक्कि शौचालय बनाई नियमित प्रयोग गरौं ।
- निम्न अवस्थामा अनिवार्य रुपमा साबुन पानीले हात धुने बानी बसालौं ।
    # चर्पिको प्रयोग गरेपछि
    # खाना खानु वा खुवाउनु अघि
    # खाना बनाउनु अघि
    # फोहोर चिज छोएपछि
- पानी शुद्धिकरण गरेर मात्र पिउने गरौं ।
- मुहानदेखि मुखसम्म पानी सुरक्षा गरौं ।
- घर आँगन सफा राखौं ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुधारिएको चुल्हो प्रयोग गरी घरलाई धुवा रहित बनाऔं ।
- वातावरणीय सरसफाइमा ध्यान दिऔं ।
- सरसफाइका सूचकहरु पुरा गरी आफ्नो गाउँलाई पूर्ण सरसफाई गाउँ बनाऔं ।

**काठेखोला गाउँपालिकाको कार्यालय, बिहुँकोट, बागलुङ**

## गाउँपालिकाको दशौं गाउँसभा सकियो






**जननिगरानी संवाददाता**
**बागलुङ**

बागलुङको काठेखोला गाउँपालिकाको दशौं गाउँसभा बिभिन्न प्रस्तावहरु पारित गर्दै सम्पन्न भएको छ । हिउँदे अधिबेशनका रुपमा लिईने गाउँसभा प्रतिवेदन र प्रस्तावहरुमा छलफल गर्दै शुक्रबार सकिएको हो ।

'आवश्यक कानुन तयार भएर कार्यान्वयनमा छन्, प्रदेश र संघीय कानुन नबनेका कारण कतिपय कानुन बनाउन सकिएको

............. बाँकी ६ पेजमा

काठेखोला गाउँपालिका र यस जननिगरानी साप्ताहिकको सहकार्यमा यस पेज काठेखोला गतिविधिको रूपमा प्रकाशित गरिदै आएको छ । यस पेजमा गाउँपालिकाले गरेका गतिविधिलाई र गाउँपालिका भित्र भइरहेका गतिविधिहरुलाई नागरिकसम्म पुऱ्याउन सहयोग गर्ने उद्देश्यले प्रकाशित गरिएकाले हजुरहरूको टोल, छिमेकमा हुने घटनाहरु र काठेखोला गाउँपालिकासँग सम्बन्धित लेख, रचनाहरु भएमा हाम्रो सम्पर्क नम्बर र इमेलमा पठाइ सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

सम्पर्क: ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
jananigrani.bgl@gmail.com

### काठेखोला गाउँपालिकका महत्वपूर्ण फोन नम्बरहरु

**वडाअध्यक्षहरु**

अध्यक्षः अमर थापा (९८५७६२२५७५)
उपाध्यक्षः अर्जुन बहादुर खत्री (९८५७६७७०१६)

**प्रमुख प्रशासकीय अधिकृत**

चुडा बहादुर कार्की (९८५७६२०६९४)

**कार्यपालिका सदस्य**

टिकासंगम विक (९८५७६७७००९)
नैनाकली खड्का (९८५७६७७०१३)
हेमलाल वि.क. (९८५७६७७०१०)
जमुना कंडेल (९८५७६७७०१२)
सारादा कुमारी थापा (९८५७६७७०१४)
सुन्तली वि.क. (९८५७६७७०११)

**वडाअध्यक्षहरु**


वडा नम्बर १ — अध्यक्षः खड्कबहादुर थापा (९८५७६७७००१)
वडा नम्बर २ — अध्यक्षः विद्यापति शर्मा (९८५७६७७००२)
वडा नम्बर ३ — अध्यक्षः यामबहादुर श्रीस (९८५७६७७००३)
वडा नम्बर ४ — अध्यक्षः केशरबहादुर थापा (९८५७६७७००४)
वडा नम्बर ५ — अध्यक्षः शिवप्रसाद कंडेल (९८५७६७७००५)
वडा नम्बर ६ — अध्यक्षः युक्तप्रशाद कंडेल (९८५७६७७००६)
वडा नम्बर ७ — अध्यक्षः प्रेम लामिछाने (९८५७६७७००७)
वडा नम्बर ८ — अध्यक्षः चित्रकला छन्त्याल (९८५७६७७००८)





काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बिहुँ, बागलुङ

# 'फेसबुक आइडी'को मीमांसा

पुस्तक समिक्षाः



खेमराज पोखरेल




आकस्मिकता:

मान्छेको जीवन कसरी हिँड्छ भन्ने कुरा गूढ रहस्यमै छ । त्यसो त जीवनको हिँडाइलाई भाग्यवादीले भाग्य भन्लान् । कर्मवादीले कर्म भन्लान् । भौतिकवादीले विज्ञानका कुनै सूत्र देखाउलान् तर संयोग भनूँ वा आकस्मिकता जीवनमा आइरहन्छ, परिरहन्छ । त्यही लगातार आउने आकस्मिकताले मान्छेले कर्म गर्छ । गर्नुपर्छ । लघुकथाकार विष्णु भण्डारी आचार्य मेरा लागि भौतिक रूपले नचिनिएकी स्रष्टा हुन् तर सामाजिक सञ्जालमा भने हामी निकै नजिकिएका छौँ । चिनारु छौँ ।

संयोग यस्तो भयो कि मिति २०७८ भदौ १४ गते तदानुसार अगस्ट महिनाको ३० तारिक २०२१ का दिन लघुकथाकार विष्णु भण्डारी आचार्यको 'फेसबुक आईडी' विमोचनका अवसरमा बोल्नुपर्‍यो मैले । बोलेर त त्यही दिन सकेको थिएँ । तर एक दिन स्रष्टा विष्णु भण्डारी आचार्यले मलाई फोन गरेरै भनिन् – गुरु !

हजुरले मेरो पुस्तक विमोचनका अवसरमा बोलेको कुरालाई एउटा आलेख बनाइदिनू न ।

कलेवर:

त्यसपछि मेरो त्यो बोलौटलाई आलेखमा रूपान्तरण गरेको छु । बिजुलीको बुई चढेर पीडीएफ भर्सनमा आएको थियो 'फेसबुक आईडी' । आवरण पृष्टमा फेसबुक चलाइरहेकी एक सुन्दरीको अनुहार नदेखिने तस्बिर छ । आवरण पृष्टकै पश्च भागमा कृतिकारको संक्षिप्त बायोडाटा छ । पुस्तकको लघुकथाइतर भागमा सर्वप्रथम लघुकथा समाज नेपालका अध्यक्ष श्रीओम श्रेष्ठ 'रोदन'को शुभकामना छ । नारी स्रष्टा समाज विराटनगरका अध्यक्ष ममता मृदुलको 'विष्णुका लघुकथामा रुमलिँदा' भन्ने शीर्षकमा प्रकाशकीय छ । त्यस पछि खेमराज पोखरेलको 'फेसबुक आईडी' सँगको मेरो आकस्मिकता' शीर्षकको भूमिका रहेको छ । यसको लगत्तै दीपक लोहनीको 'विष्णुका लघुकथाहरू- उदाउँदै गरेको एउटा जित' भन्ने शीर्षकको भूमिका छ र आफ्नो भनाइ आएको छ कृतिकारको । विषयसूचीमा ४० थान लघुकथाहरू समेटिएका छन् । ती लघुकथा मलाई याने कि एक पाठकका हिसाबमा कस्ता लागे भन्ने बारेमा मेरो निजी धारणा प्रकट गर्दछु ।

व्यक्तित्व तथा कृतित्व:

स्रष्टा विष्णु भण्डारी आचार्यको जन्म धनकुटा चौबिसे गाउँपालिका –५ मा २०२५ सालमा भएको कुरा बायोडाटाले भन्छ । पिता स्व. प्रेमबहादुर भण्डारी तथा माता स्व. चन्द्रकला भण्डारीकी तेस्रो सन्तानका रूपमा जन्मेकी कृतिकारले स्नातकसम्म अध्ययन गरेको देखिन्छ । पेसाले शिक्षक भएकाले कृतिकारको कलम एक दम वेगले कुदेको छ । श्रीमान् बलबहादुर आचार्य तथा दुई सन्तान सपना आचार्य तथा बिपना आचार्यसँगको पारिवारिक वातावरणमा रहेकी कृतिकारको हालको मुकाम बेलबारी मोरङमा रहेको छ ।

२०७८ सालमा यो 'फेसबुक आईडी' लघुकथासङ्ग्रह प्रकाशन गर्नुभन्दा पहिले नै २०७२ सालमा 'मान्छेको भिडभित्र' शीर्षकको कवितासङ्ग्रह प्रकाशित भइसकेको छ । अब कथासङ्ग्रह लिएर आउने योजना बनाएकी कृतिकारको संलग्नता बेलबारी साहित्य विकास समिति, स्रष्टा समाज बेलबारी, इटहरी साहित्य समूह इटहरीमा पनि रहेको छ ।

कृतिकार भण्डारीका 'फेसबुक आईडी' मा समेटिएका प्राय: सबै लघुकथाहरू नेपालमा नाम चलेका साहित्यपोस्ट, नागरिक न्युज, निगुरो त्रैमासिक, राष्ट्रिय मासिक पत्रिका, लेखापढी डटकम, जनमत साहित्य मासिक जस्ता पत्रिकामा प्रकाशित भइसकेका छन् । त्यसैले पनि यी लघुकथाहरू स्तरीय छन् भनेर आकलन गर्न सकिन्छ ।

लघुकथाको कसी:

लघुकथा एउटा विशिष्ट शिल्पी आख्यान हो । शिल्पको अनुपस्थितिले कुनै पनि आख्यान लघुकथा बन्न सक्दैन । संसारमा सबै विषयका सीमा छन् । साहित्यका पनि सीमा छन् । त्यसमाथि झन् लघुकथाका त विशिष्ट सीमाहरू नहुने कुरै भएन । त्यो सीमा भन्नु विचारको सीमा होइन । विचार त स्रस्टाको चुली निजत्व हो तर बुनौटमा चाहिँ स्रष्टाले घोरिनु र सकेसम्म बाँधिनु कृतिको स्तरीयताका हिसाबले पनि उपलब्धिमूलक हुन्छ ।

त्यसकारण लघुकथालाई कसी लाइरहँदा मूलभूत रूपमा कथानकको अब्बलता र बुनौटमा चुस्ततालाई केन्द्रीय भागमा राखिरहनुपर्छ । विषयवस्तुको गुणस्तरहीनता अब्बल लघुकथाको पहिलो बाधा हो । अब्बल विषयवस्तुलाई पनि विशिष्ट बुनाइको तानमा राख्न सकिएन भने स्तरीय लघुकथा बन्न सक्दैन ।

त्यसकारण कथानक तथा बुनौट दुवै अति आवश्यक कसी हुन् लघुकथाका ।

बुनौटका हिसाबले हेर्ने हो भने लघुकथामा लघुता, सङ्क्षिप्तता, अल्पता, सूक्ष्मता, कुतूहलता, प्रतिध्यन्यात्मकता, विपरीतभावमा अन्त्य, बीजवाक्य, उठान, उत्कर्ष तथा चुस्त समापन अति महत्त्वपूर्ण हुन् । यिनै दुई कसीका हिसाबमा कृतिमाथि पाठकीय दृष्टि प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

विषयवस्तु:

खासमा मैले यो पुस्तकको भूमिकामा आफ्ना कुरा लेखेको छु । यद्यपि भूमिका लेख्नु, विमोचनका आवसरमा बोल्नु, कृतिसमीक्षा गर्नु र पाठक भएर ठोस्नु अलग-अलग विषय हुन् । यो आलेखमा म 'फेसबुक आईडी' मा रहेका केही विषयवस्तुका कथानक र बुनौटका बारेमा पाठकीय विचार पस्कने जमर्को गर्दै छु ।

सर्जक भन्नु समाजको एउटा अंश हो । त्यसकारण सर्जकको सिर्जनामा ऊ बाँचेको समाजको चित्र खर्लप्पै आउँछ । यसमा सर्जकको निजी चेत, हेराइभोगाइको व्यापकताले ज्यादै ठुलो प्रभाव पार्छ । संसारमा मूलत: विषयवस्तुहरू ४ प्रकारका हुन्छन् । संसार त्यही ४ विषयमा घुमेको छ । त्यसैमा शाखाप्रशाखाको निर्माण गरिएको छ । पहिलो हो दिमाग याने बुद्धि । विज्ञान, तर्क, बुद्धि, अधिकार सबै यही दिमागका खेल हुन् । दोस्रोमा हृदय पर्छ । याने प्रेम, त्याग, दया, सहनशील, मायाँ, आदि । तेस्रो पेटको समस्या । याने जागिर, व्यवसाय, उद्योग, खेतीकिसानी आदि यही पेटका विषय हुन् ।

अन्तिम यौन हो । यौन भनेको भल्यारिटी होइन, दर्शन हो । जीवन हो । सृष्टिको सूत्राधार हो । यी चारै विषयमा लघुकथा लेख्न सकिन्छ ।

प्रस्तुत सङ्ग्रहमा उनिएका लघुकथाहरूको विषयवस्तु केलाउँदा सामान्यतया दिमागका आधारमा आउने विषयवस्तुलाई प्रस्तुत गरिएको पाइन्छ ।

महिला हिंसा, पुरुष हिंसा, (पक्राउ पुर्जी), सामाजिक विडम्बनाका हारमा मान्छेको स्वार्थी चरित्र (माइत),लाई विषयवस्तु बनाइएको छ । लघुकथाकारले समाजको नकारात्मक सोचको रन्काबाट दु:खित भएर कलम चलाएको देखिन्छ । त्यसकारण समाजका विविध पक्षमा कलम चलेको छ लघुकथाकारको । कृतिभित्र स्वार्थी समाज स्वार्थी आफन्त, कृतघ्न सन्तानको कथा, समाजको विपर्यास चित्र (दसैँ खर्च) ले मजाले स्थान पाएका छन् ।

कृतिभित्र स्वार्थी मान्छे (सल्लाह) :

कृतघ्न मान्छे, असल मान्छे, अविवेकी मान्छे तथा प्रगतिशील सोच भएका मान्छेको कुरालाई पनि प्राथमिकतामा राखिएको छ (पुरानो कुरा) ।

कृतिकार शिक्षक भएकाले शैक्षिक विसङ्गतिमा धेरै लघुकथाहरू लेखिएका छन् । शैक्षिक विसङ्गतिलाई विविध कोणबाट प्रस्तुत गरिएको छ । शैक्षिक बेरोजगार (भविष्य)को कथा छ । स्कुल, विद्यार्थी, बालमनोविज्ञान, असल पठक कस्तो हुनुपर्छ भन्ने सन्देश (मायाँ) छ । यौन शिक्षाको आवश्यकताको विषय गजबले उठाइएको छ (छाडाकुरा) । विषयवस्तुभित्र कृतिकारले स्वावलम्बनका कुरा पनि उठाएको देखिन्छ । महिलालाई आफ्नै खुट्टामा उभिनुपर्छ भन्ने महिला सशक्तीकरण (साहस) को विषयलाई तदारुकताका साथ उजागर पारिएको छ ।

महिला विद्रोहको कुरा (गलत निर्णय), नारी दिवशमा आडम्बर (नारी दिवस) यसै गरी वैदेशिक रोजगारीका पीडा (फेसबुक सम्बन्ध), कोरोना (कोरोना रिपोर्ट), राजनीतिक व्यङ्ग्य, (आशीर्वाद), राजनीतिक विसङ्गति ( परिवर्तनको नारा), भ्रष्टाचार (कमाइ), वृद्धाश्रम (के काम) जस्ता विषय पनि मजाले उजागर भएका छन् ।

विशेषता:

लघुकथासङ्ग्रह 'फेसबुक आईडी' पढिसकेपछि कृतिकारका केही खास विशेषता देखिन्छन् । सर्वप्रथम त लघुकथाकारले लघुकथाका सबै खाले सीमाहरू बुझेको महसुस हुन्छ । लघुकथामा हुनुपर्ने सीमाका बारेमा अवगत भएर नै यी लघुकथा लेखिएका हुन् भन्ने अनुभूत हुन्छ । शब्दसीमा, लघुत्व, सङ्क्षिप्तता, सूत्रता, बहाउमा तीव्रता, झट्कायुक्त मापन आदि बुझेको लघुकथाकार भन्न सकिन्छ । लघुकथाकारको यो स्तरीकरण हुन खोज्ने प्रवृत्ति यानि कि सिक्न खोज्ने प्रवृत्ति लघुकथाकारको विशिष्टता हो । किनभने सिकेर कहिल्यै न त सकिन्छ । न त सानो होइन्छ । सिक्नु एउटा अनवरत प्रक्रिया हो । यो विशेषता लघुकथाकारमा पाइन्छ ।

त्यसै गरी कृतिकारलाई सामाजिक विषयवस्तुमा कलम चलाउने स्रस्टाको विशेषतामा राख्न सकिन्छ ।

भाषिक मिठास कृतिकारको सबैभन्दा महत्त्वपूर्ण विशेषता हो । भाषा सरल, बोधीय तथा सुन्दर छ । ठेट शब्दको प्रयोगले लघुकथा अर्ग्यानिक मात्र होइन सुन्दर बनेको छ । जस्तै 'सालिन्ने' 'बेसन्तोष', 'टाट्नो', 'फाँचो', 'कठाला', 'भाइबुइना', 'धाती न गुहारी', 'पाइन', 'गाईपरानी', 'घोइरा' टिठ्याउनु, जस्ता नेपाली भाषाका ठेट शब्दको मिठाससहित प्रयोग भएको छ । यसै गरी नेपाली भाषामा प्रयोग हुने विशिष्ट उखान टुक्काको यथेष्ट प्रयोग भएको छ । यसले कृतिलाई सुन्दर र स्वादिलो बनाएको छ ।

कृतिकार नेपाल सरहदको पूर्वी भेगको बासिन्दा भएकाले लेखौटमा पूर्वी लबज मजाले आएको छ । यसले लघुकथालाई स्वादिलो मात्र बनाएको छैन बरु स्थानीयताको स्वाद पनि पस्केको छ ।

लघुकथाकार विष्णु भण्डारीलाई सकारात्मक सोच भएको स्रष्टा भन्न सकिन्छ । समाजमा अनेकन् विषयवस्तु छन् । तिनमा प्राय: नकारात्मक दृष्टिकोण पस्कने गरिन्छ । किनभने नकारात्मक धार मान्छेका लागि चखिलो हुन्छ तर लुघकथाकार विष्णु भण्डारी आचार्यले आफ्ना लघुकथाहरूमा सकारात्मक सोच राखेको पाइन्छ । सुन्दर सुखाय तथा असल चिन्तन छ लघुकथामा ।

केही अर्जी:

यो संसारमा पूर्णता खोज्नु सापेक्ष कुरा हो । के कुरा पूर्ण हो ? के कुरा अपूर्ण हो ? यो कुरा तुलना वा पाठकको व्यक्तिगत चेतीय कुरा हो । परिवेशीय कुरा हो । भूगोल र संस्कृतिले मान्छेका जीवनपद्धतिमा पारेको प्रभाव हो । अझ खासमा भन्ने हो भने पाठकको निजात्मक कुरा हो । र पनि फेरि अब्बल र फेच्चा छुट्याइहाल्छ समाजले । पाठकले । द्रष्टाले । भोगीले । पूर्णताको यात्रा खोजिहाल्छ चेतले । मान्छेले । त्यसैले यही सापेक्षमा नै भए पनि मेरो निजी विचारमा अझै अब्बल बनाउनका लागि केही भनाइ त राख्न नै परेको छ ।

समाजमा परम्परागत, यथास्थिति, प्रगतिशील र क्रान्तिकारी धारहरू हुन्छन् नै । यी सबै धारमा आदर्शवाद हुन्छ । प्राय: लघुकथाले यथास्थितिमा सुधार खोजेका छन् । कति त परम्परागत मान्यताका नजिक पनि छन् । कथानकमा दार्शनिक पक्ष एकदम अभाव छ । पात्रहरू कमजोर छन् । आत्महत्याको बाटो समातेको कथा पनि छ । कतिपय पात्रहरू विद्रोह गर्न सक्दैनन् । श्रीमती कुट्ने विषयलाई सहज मानिएको छ (संस्कार)। यसो भएकाले अब लेखिने साहित्यमा कृतिकारले खोजेको परिवर्तन के हो ? कृतिकारले भन्न खोजेको याने चाहेको समाज कस्तो हो ? भन्ने कुरा प्रस्टाप्रस्टी आउनुपर्ने हुन्छ ।

विषयवस्तुमा अझै विविधता अपनाउन पाए हुन्थ्यो । किनभने यो संसारमा अनेकन् विषयहरू छन् ।

विषयमा विविधता छन् । विविधतामा अग्रगमन आजको आवश्यकता हो । जस्तो कि भौतिक, पराभौतिक, आध्यात्म, दर्शन, आधुनिकता, आर्थिक दर्शन, आदि-आदि विषयवस्तु छन् । अनि समाजको लक्ष्य जहिले पनि यथास्थितिबाट सुधारिएर अर्को युगमा पुग्नु नै हुन्छ । त्यसकारण लघुकथा प्रगतिशील धारमा लेख्दा झन् राम्रो हुन्छ । प्रगतिशील धार भन्नु कम्युनिस्टले भनेझैँ राजनीतिक कुरा मात्र होइन ।

मान्छेका दिमागमा सुन्दरताका लागि परिवर्तन आवश्यक छ । हृदयमा परिवर्तन आवश्यक छ । पेटका सामग्रीमा आवश्यक छ । यौनका विषयमा सोचिने कुरामा परिवर्तन आवश्यक छ । यो आवश्यकतालाई साहित्यले प्रस्टाप्रस्टी रूपमा उजागर हुनु वाञ्छनीय हुन जान्छ । यो समग्र विश्वसंसारका लागि चलिरहने सतत प्रक्रिया हो ।

यथास्थितिको वर्णनभन्दा आउने युगलाई बल पुग्ने गरी लघुकथा लेख्दा झन् सुन्दर हुन्छ । किनकि समाज बदलिन्छ र यथास्थितिमा लेखिएका कथावस्तु बिस्तारै-बिस्तारै अप्रासङ्गिक हुन जान्छन् ।

विषयवस्तुमा कालजेयी कथानक छान्न सके ती सदाबहार हुन्छन् । यद्यपि परिवर्तनको कुनै जेनिथ छैन । त्यो जेनिथ टुङ्गिने कुरा पनि होइन र पनि हामी लेखकको यात्रा सधैँ-सधैँ अग्रगमन यानि कि सुपरिवर्तनतिर जानुपर्ने नै हुन्छ ।

उपसंहार:

विष्णु ! जीवनका जस्केलामा भेटिएका छौँ । अब म यो आलेखको अन्तिम सर्गमा आइपुगेको छु ।

मैझारो गर्न खोज्दै छु । त्योभन्दा पहिले यो 'फेसबुक आईडी' लघुकथासङ्ग्रहका बारेमा भन्नुपर्दा यो कृति नेपाली लघुकथा साहित्यको फलकमा उम्दा बनेको छ । समकालीन लघुकथाका कृतिमा कुनै पनि मानेमा कमजोर छैन यो कृति । लघुकथा संसारमा प्रचलित वा देखा परिरहेका लघुकथाको सरदर स्तरभन्दा धेरै उपल्लो दर्जाको पाएको छु । किनभने यो सङ्ग्रहमा समेटिएका लघुकथाहरूमा केहीलाई छोडेर प्राय: लघुकथाहरू राम्रा छन् । अब्बल छन् । तीमध्ये पनि पक्राउ पुर्जी, माइत, माया, साहस, केकाम ?,

सल्लाह, समाजसेवा, अंशबन्डा, कमाइ, कोरोना, परिवर्तनको नारा, महसुस, नारी दिवस, छिमेकी, आदि मलाई अति मन परेका लघुकथा हुन् ।

भाषामा सलीलता छ । ठेट शब्दको प्रयोगले लघुकथालाई सुन्दर बनाएको छ । पूर्वेली ढप मजाले आएको छ । यानि स्थानीयता उजागर भएको छ । आफ्नो माटाको सुगन्ध आएको छ । माटाको सुगन्ध भनेको 'डाउन टु अर्थ' हो । आफू बाँचेको धरातलको मायाँ पनि हो । शिक्षक पेसा अपनाएका कारणले स्कुल, विद्यार्थी तथा समग्र शैक्षिक परिवेश आएको छ ।

वास्तवमा नेपालको शिक्षाप्रणालीमा निकै सुधार आवश्यक छ । विद्यार्थीअनुकूलको शिक्षा प्रणालीको विकास हुन अझै सकेको छैन । त्यसो भएकाले शिक्षण सिकाइका अन्तर्यभित्र पसेर विद्यार्थीका मनोविज्ञान मात्र होइन, त्योसँग सम्बन्धित भएर आउने शिक्षक, प्रशासन, अभिभावक तथा समग्र परिवेशको मनोविज्ञानमा पनि कलम चलाउनु है अब ।

विषयवस्तुमा सामाजिक कथानक धेरै छन् । समाज भन्नु निकै ठुलो घेरा भएको शब्द हो । समाजमा हरेक खाले मान्छे बस्छन् । तिनले सोच्ने धरातल र मेसो पनि फरक-फरक हुन्छन् तर स्रष्टाले जहिले पनि अग्रगम्यताको पक्षमा नै लेख्नुपर्छ । यस कारणले पनि होला यो लघुकथासङ्ग्रहमा सामाजिक कथावस्तु सुन्दर र चुस्त तरिकाले आएका छन् ।

सङ्ग्रहभित्र महिलासँग सम्बन्धित घटना-परिघटना उजागर भएका छन् । यो संसार महिला तथा पुरुषको संयुक्त साझे फलक हो । त्यसैले दुवैले आत्मसम्मानका साथ यो संसारमा बाँच्न पाउनुपर्छ । जाहिर छ कि संसार

.............बाँकी ६ पेजमा

## स्वास्थ्य/जीवनशैली

# जोर्नीको दुखाइमा व्यायामका यस्ता फाइदा



नियमित व्यायामले गोलीगाँठा, घुँडा, हिप, काँध र गर्धनको दुखाइ घटाउन सघाउँछ । जोर्नीको दुखाइले नियमित दिनचर्या नै प्रभावित हुन्छ र हामी फूलबारी स्याहार्ने, फुटबल खेल्ने, जगिङ गर्ने जस्ता ससाना कुराको आनन्द लिनबाट वञ्चित हुन्छौं । कहिलेकाहीँ त स्थिति यति धेरै खराब हुन्छ कि हामीलाई सिँढी उक्लन/उत्रिन, टुक्रुक्क बस्न वा कार/ट्याक्सीभित्र पस्न समेत कठिन हुन्छ ।

गोलीगाँठा, घुँडा, हिप र काँधका जोर्नीको दुखाइबाट मुक्त नभए पनि दीर्घकालीन रुपमा न्यून गर्न र दैनिक जीवनयापन सहज पार्न उपयुक्त व्यायाम गर्नु राम्रो उपाय हो। व्यायाम गर्दा जोर्नीको दुखाइ बढेजस्तो लागे पनि यथार्थमा घटिरहेको हुन्छ ।

- उपयुक्त व्यायामले जोर्नी वरिपरिका टिस्यु र मांसपेशीलाई बलियो पार्नुका साथै लचकता बढाउँछ । उदाहणका लागि तिघ्राको मांसपेशी बलियो भए घुँडालाई भरथेग गर्छ र घुँडामा पर्ने दबाब पनि केही मात्रामा कम हुन्छ ।

- व्यायामले जोर्नीको कडापन घटाउँछ वा अररो जोर्नीलाई लचकदार बनाउँछ। कडापनले जोर्नी दुख्छ । हाम्रो शरीर गतिशील हुनुपर्छ, किनभने बनावट नै त्यस्तै छ । व्यायाम नगर्दा ‘टेन्डन’, मांसपेशी र लिगामेन्ट छिट्टै जाम हुन्छन् । तर, व्यायाम र शारीरिक सक्रियताले कडापन हटाउँछ र शरीर क्रियाशील हुन्छ ।

- व्यायामले जोर्नीमा हुने ‘लुब्रिकेन्ट’ (सिनोभियल फ्लुइड) को उत्पादन वृद्धि गर्न सघाउँछ । सिनोभियल फ्लुइडले जोर्नीमा पोषण र अक्सिजन लैजानुका साथै जोर्नी गतिशील हुँदा घर्षण हुन दिँदैन । त्यसैले व्यायामले हाम्रा जोर्नीलाई सुरक्षित पार्ने काम पनि गर्छ ।

- व्यायामले शरीरमा रहेको दुखाइ कम गर्ने प्राकृतिक तत्वहरूको उत्पादन बढाउन पनि मद्दत गर्छ । व्यायाम नगर्दा शरीर सानातिना दुखाइमा पनि बढी संवेदनशील हुन्छ । व्यायाम गरेको शरीरले सानातिना दुखाइको बेवास्ता गर्छ अर्थात् शरीरलाई यस्ता दुखाइबाट बचाउने प्राकृतिक क्षमता विकास गराउँछ ।

- व्यायामले शरीरको वजन नियन्त्रण गर्न सघाउँछ । शारीरिक वजन नियन्त्रित भए शरीरको भार थेग्नुपर्ने हिप, घुँडा र गोलीगाँठाजस्ता जोर्नीमा पनि दबाब कम पर्छ ।

तर कस्ता व्यायाम गर्ने भन्नेबारे भने फिजियोथेरापिस्ट वा व्यायाम प्रशिक्षकसँग जानकारी लिएर मात्र गर्नु उपयुक्त हुन्छ ।

*स्वास्थ्यखबरडटकमबाट साभार*

# कर्तव्य ज्यानमा दुई जना कारागार चलान

**जननिगरानी संवाददाता**
**बागलुङ**

आफ्नै श्रीमान हत्या आरोपमा बागलुङकी एक महिला पुर्पक्षको लागि कारागार चलान हुनुभएको छ ।

निसीखोला गाउँपालिका-६ खार्चङ निवासी ३१ बर्षिय टेकबहादुर बुढा मगरको हत्या आरोपमा उहाँकी २३ बर्षिय श्रीमती मोनिका बुढा मगर थप अनुसन्धानको लागि जिल्ला अदालत बागलुङले कारागार चलान गर्न निर्देशन दिएको हो ।

मोनिकाले मंसिर ९ गते राती श्रीमानको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । मृतक बुढा मगर घरको आगनमा मृत अवस्थामा फेला पर्नुभएको थियो ।

प्रहरीले सम्पूर्ण अनुसन्धान पुरा गरी सरकारी वकील कार्यालयमार्फत प्रतिवादी तथा मिसिल जिल्ला अदालतमा पेस गरेको प्रहरी नायब उपरीक्षक इकवाल हवारीले जानकारी दिनुभयो ।

यस्तै, प्रहरीले विगत ११ बर्षदेखि फरार एक अभियुक्तलाई पक्राउ गरेको छ । कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत बागलुङबाट विस २०६७ साल असोज ३ गते बीस बर्ष कैद फैसाला भई फरास जैमिनी नगरपालिका-१० का ४६ बर्षिय बलबहादुर पुनलाई घरबाटै प्रक्राउ गरेको हो ।

घर वतनमा लुकी छिपी बसेको अवस्थामा फेला पर्नुभएका पुनलाई लगत कट्टाको लागि अदालत पेस गर्दा अदालतले कारागार चलान गरेको डिएसपी हवारीले बताउनुभयो ।

## साप्ताहिक खेल खबर

# नेपाल सेन्ट्रल जोनको च्याम्पियन

**जननिगरानी संवाददाता**
**बागलुङ**

साविक विजेता नेपाल एभिसी एसियन सेन्ट्रल जोन भलिबल च्याम्पियनसिप अन्तर्गत महिलातर्फको च्याम्पियन बनेको छ । नेपालले उज्वेकिस्तानलाई पराजित गर्दै लगातार दोस्रो संस्करणमा अपराजित रहँदै च्याम्पियन बनेको हो ।

बंगलादेशको ढाका मिरपुरस्थित शाहिद शुरवार्दी इन्डोर स्टेडियममा मंगलबार भएको उपाधि भिडन्तमा नेपालले उज्वेकिस्तानलाई ३-२ को सेटमा पराजित गरेको हो । नेपालले उज्वेकिस्तानमाथि २६-२४, २४-२६, २५-१५, २२-२५ र १५- १० ले जित्न सफल भयो । नेपालले बंगलादेशमै सन् २०१९ मा भएको पहिलो संस्करणमा माल्दिभ्सलाई ३-० को सोभ्हो सेटमा पराजित गर्दै अपराजित र एक सेट पनि नगुमाई च्याम्पियन बन्दै नेपाली भलिबल इतिहासमा ऐतिहासिक स्वर्णपदक जितेको थियो ।

पहिलो सेटमा एक समय १२-१७ ले पछि रहेको नेपालले पूनरागमन गर्दै २०-१८ को अग्रता लिदै जिततर्फ अग्रसर बनेको थियो । तर, त्यसपछि नेपालले लगातार अंक गुमाउँदा खेल २१-२१ को बराबरीमा पुगेको थियो । त्यसपछि नेपालले तीनपटक सेट प्वाइन्टमा पुग्दै २६-२४ को रोमाञ्चक जित निकाल्न सफल भयो । दोस्रो सेटमा पनि कुनै पनि समय अग्रता लिन नसकेको नेपालले २४-२६ ले उज्वेकिस्तानलाई नतिजा सुम्पियो ।

रोमाञ्चक र प्रतिस्पर्धात्मक खेलमा एक समय नेपालले खेललाई १५-१६ को अवस्थामा ल्याएको थियो । त्यसपछि लय गुमाएको नेपाल १९-२३ ले पछि परेको थियो ।

उज्वेकिस्तानका प्रशिक्षकले रातो कार्ड खाएपछि नेपालले एक अंक थप्दै खेलमा फर्किएको संकेत दिदा ३ अंक जोड्दै खेललाई २३-२३ को बराबरीमा ल्याउँदै नेपालको आशा जगाएको थियो । त्यसपछि नेपालले एक अंक जोड्दा उज्वेकिस्तानले दुई पटक सेट प्वाइन्ट लिदै खेल २६-२४ ले आफ्नो पक्षमा पार्न सफल भयो ।

तेस्रो सेटमा सुरुवातमा प्रतिस्पर्धा हुदा ११-११ को बराबरीबाट अग्रता लिदै लगातार ७ अंक जोडेपछि नेपालले १८-११ ले अघि बढ्दै जिततर्फ अग्रसर बन्यो । त्यसपछि नेपालले थप ७ अंक जोड्दै २५-१५ को सहज जित निकाल्न सफल भयो । प्रतिस्पर्धात्मक चौथो सेटमा १०-१० को बराबरीबाट पछि परेको नेपालले सेट २२-२५ ले गुमाउन पुग्दा खेल पाँचौ सेटमा लम्बियो । प्रतिस्पर्धात्मक पाँचौ सेटमा ७-७ को बराबरीबाट अघि बढेको नेपालले १३-९ को अग्रता लिदै जिततर्फ अग्रसर बन्यो । त्यसपछि उज्वेकिस्तानले दुई अंक र नेपालले दुई अंक जोड्दै १५-१० को सेटमा च्याम्पियन बन्न सफल भयो ।

च्याम्पियनसिपमा कृपा अधिकारी, मनिषा चौधरीले पूनरागमनसहित खेल्दा शान्ति थारु, कामना विष्ट र लक्ष्मी चन्दले राष्ट्रिय टोलीमा डेब्यु गरिन् । यसपटक नेपालले च्याम्पियनसिपमा कुल ६ खेलमा २१ सेट खेल्दा १८ सेटमा जित र ३ सेटमा हारको नतिजा निकाल्यो । नेपालले श्रीलंकासँग २ तथा उज्वेकिस्तानसँग एक सेट गुमाएको थियो । त्यसअघि श्रीलंकाले किर्गिस्तानलाई ३-० को सोभ्हो सेटमा पराजित गर्दै तेस्रो स्थान हासिल गरेको छ ।

२३ डिसेम्वरबाट शुरु भएको च्याम्पियनसिपमा महिलातर्फ आयोजक बंगलादेश, किर्गिस्तान, माल्दिभ्स, नेपाल, श्रीलंका र उज्वेकिस्तान गरी ६ राष्ट्रको सहभागिता रहेको थियो ।




## पूँजीगत...............

**बनाउनुपर्दैन ?**

प्रगति हासिल गर्न लक्ष्य निर्धारण पनि वैज्ञानिक हुनुपर्दछ । लक्ष्य निर्धारण गर्दा उपलब्ध स्रोत, साधन, कार्यान्वयन क्षमता समेतलाई आधार मानी त्रैमासिक, अर्ध-वार्षिक, वार्षिक लगायत लक्ष्यहरू निर्धारण गर्नुपर्ने हुन्छ । धेरै आयोजनाहरूमा लक्ष्य निर्धारणमा उत्तेजित हुने तर कार्य सम्पादनमा सो अनुसार प्रगति हासिल गर्न नसक्दा पनि पूँजीगत खर्चको प्रतिशत कमजोर भैरहेको देखिन्छ ।

बहुवर्षीय आयोजनामा पनि सम्भावना र क्षमता भन्दा बढी कार्य पहिला वर्षहरूमा राख्दै जाने र सो प्राप्त नहुने समस्या देखिन्छ । पछिल्ला वर्षहरूमा अघिल्ला वर्षको प्राप्त हुन नसकेको लक्ष्य समेत समावेश गरी पुन: बढी लक्ष्य निर्धारण गर्ने रोगबाट ग्रसित छन् आयोजनाका लक्ष्यहरू । ठेक्का प्रक्रियाको थालनी गरी सम्झौता गर्न लाग्ने समय सहजै अनुमान गर्न सकिने कानूनी व्यवस्था रहेको छ । यसको समेत ख्यालै नगरी पहिलो चौमासिकमै भौतिक तथा वित्तीय प्रगतिका लक्ष्यहरू निर्धारण गरिन्छ । यसको असर भौतिक तथा वित्तीय प्रगतिमा परिरहेको छ ।

**७. म कि हामी ?**

माथि पनि भनिसकियो कि पूँजीगत खर्च प्रत्यक्ष रूपमा आयोजनासँग जोडिएको हुन्छ । आयोजना व्यवस्थापन जति प्रभावकारी रूपमा अगाडि बढाउन सकियो उति नै पूँजीगत खर्च बढ्दै जान सक्दछ । आयोजना व्यवस्थापन प्रभावकारी नहुनुको जड जग्गा प्राप्तिमा पनि देखिन्छ । निजी जग्गा भन्दा सरकारी जग्गा प्राप्तिमै समस्या छ । वन, निकुञ्जको जग्गा हो भने आयोजना प्रमुख-लगानीकर्ता रुन मात्र सक्दैन भनिन्छ । निकायगत समन्वयको अवस्था हेर्दा लाग्छ यी निकायहरू युद्धमा होमिएका दुई पक्ष हुन् । ऊर्जा, सडकले सहजीकरण गर्ने आयोजनालाई वन मन्त्रालयले वन फडानी गर्ने आयोजनाको रूपमा लिने, संचारको आयोजनालाई सडक विभागले सडक भताभुंग पार्ने कार्यको रूपमा बुझ्ने गरेका आरोपहरू लाग्दै आएको देखिन्छ ।

त्यसैले म वा मेरो मन्त्रालय-निकाय नै सबैभन्दा महत्वपूर्ण छ भन्ने साँघुरो मानसिकता त्याग्दै बृहत्तर हितबाट प्रेरित हुनुपर्ने देखिन्छ । जैविक विविधता तथा वातावरण संरक्षण सबैको चासो र सरोकारको विषय बन्नुपर्दछ यसमा विवाद रहेन । यसो भन्दैमा विकास निर्माण क्रियाकलाप गर्नै नहुने भन्ने पनि होइन । यसतर्फ हाम्रा सार्वजनिक निकायहरू संवेदनशील बन्नै पर्दछ ।

**८. साउन र निर्देशन कुर्ने**

बजेट पारित, अख्तियारी, निकासा, कार्यक्रम स्वीकृति लगायत प्रक्रिया खर्च प्रणालीका लागि प्रतिकूल रहेको भनी यी विषयहरूमा संवैधानिक तथा कानूनी रूपमै सम्बोधन भइसकेको छ । जेठ १५ मा बजेट पेश गर्ने तथा आर्थिक वर्ष शुरू नहुँदै बजेट पारित गरी उल्लिखित प्रक्रियाहरूको सम्बोधन भइसकेको देखिन्छ ।

साउन नलाग्दै बजेट तथा कार्यक्रम स्पष्ट भइसक्दा पनि सो अनुसारको खरीद प्रक्रिया शुरू नगर्ने, साउन महीना कुर्ने, अर्थ मन्त्रालय तथा तालुक निकायबाट निर्देशनको अपेक्षा गर्ने, लिखित निर्देशन आएपछि मौखिक निर्देशन समेत पर्खिने परिपाटी हाम्रो सार्वजनिक प्रशासनमा कायमै रहेको छ । यसले हाम्रो खर्च प्रणालीलाई पछि पछि धकेलिरहेको अवस्था छ ।

**९. अनुगमन भ्रमण हो कि समस्या समाधानको कडी ?**

ठूला आयोजनाहरूको अनुगमन तथा मूल्यांकन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, तालुक मन्त्रालय, विभागका साथसाथै नियमनकारी निकायहरू संसदीय समिति, अख्तियार, राष्ट्रिय सतर्कता केन्द्र समेतबाट हुने गर्दछ । यति मात्र होइन प्रदेश सरकार, सम्बन्धित क्षेत्रका संघीय तथा प्रदेश सांसदहरूबाट पनि पटक-पटक अनुगमन हुने गरेको देखिन्छ ।

कति अनुगमन त नाममात्रका पनि हुन्छन् । कतिपय अनुगमनमा दोहोरो संचार समेत हुँदैन एकोहोरो निर्देशन दिएर हिंड्ने गरेको पनि पाइन्छ । केही अनुगमन भने समस्यासम्म सुन्ने तर त्यसको सहजीकरणतर्फ ध्यान नदिई लक्ष्य अनुसार काम गर्न निर्देशन दिने खालका हुन्छन् भने एकाध अनुगमन समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाएर फर्किन्छन् तर समस्या समाधान गर्नेतर्फ कुनै प्रयास पनि गर्दैनन् ।

यस प्रकारका अनुगमनका जालोहरूले आयोजनाको कार्य सम्पादन पनि प्रभावित हुने गरेको देखिन्छ । लुम्बिनी, पोखरा, विराटनगर वा यस्तै सुगम र पर्यटकीय स्थल आसपासका आयोजना सबैभन्दा बढी पीडित हुने गरेको देखिन्छ । अनुगमन तथा मूल्यांकन प्रणालीलाई आयोजना कार्यान्वयनको लुब्रिकेट बनाउन सकिएन भने पूँजीगत खर्चको प्रगतिको हाम्रा चाहना दिवा सपना मात्र हुने देखिन्छ ।

**१०. कार्यसम्पादन सम्झौता देखावटी मात्र हो ?**

कार्यसम्पादन सम्झौतालाई नतिजामूलक व्यवस्थापनको उत्तम विधि मानिन्छ । कार्यसम्पादन सम्झौताका आफ्नै सिद्धान्त तथा पूर्वशर्तहरू रहेका हुन्छन् । नेपालमा पनि यसको प्रयोगको दर बढ्दै गएको देखिन्छ । प्रधानमन्त्रीले मन्त्रीहरूसँग, मन्त्रीले सचिवहरूसँग, सचिवले महाशाखा प्रमुख तथा विभागीय प्रमुखका साथसाथै ठूला आयोजनाहरूको हकमा आयोजना प्रमुखसँग, विभागीय प्रमुखहरूले मातहत कार्यालय, निकायसँग कार्यसम्पादन सम्झौता गर्ने गरिंदै आएको छ यो क्रम शाखा अधिकृत वा सो सरहसम्म पुगेको देखिन्छ ।

कार्यसम्पादन सम्झौता नतिजाका लागि गर्ने कि लहडमा भन्ने प्रश्न पेचिलो बन्दै आएको पनि देखिन्छ । कार्यसम्पादन सम्झौताको नतिजाको आधारमा पुरस्कृत तथा दण्डित भएको विरलै मात्र देखिन्छ, सुनिन्छ । कार्यसम्पादन सम्झौता र कार्यसम्पादन मूल्यांकन बीच सम्बन्ध स्थापित गराउने र यसलाई वृत्ति-विकाससँग जोडिनुपर्दछ । सम्झौतालाई तालुक निकायले तर्साउने डण्डाको रूपमा प्रयोग गर्ने औजारको रूपमा मात्र लिइनुहुँदैन । स्रोतसाधन, जनशक्ति, कार्य वातावरणको राम्रो प्रबन्ध मिलाइदिने, नीतिगत एवं कानूनी अवरोधकहरू तत्काल सम्बोधन गरी यसलाई प्रभावकारी नबनाएसम्म पूँजीगत खर्च बढाउन सकिंदैन ।

अन्त्यमा, पूँजीगत खर्चलाई समग्र बजेट चक्र, आयोजना चक्रसँग जोडेर नहेरी मासिक प्रगतिको खोजी मात्र गर्दा हाम्रो अवस्थामा तात्विक सुधार आउने देखिंदैन । विनियोजन कुशलतामा सुधार नगरी खर्च प्रणालीले आशातीत प्रतिफल दिन पनि सक्दैन । संघीय संरचनामा नेपाल सरकारको पूँजीगत खर्चका साथसाथै प्रदेश सरकार तथा स्थानीय तहबाट हुने खर्चको प्रभावकारिताका लागि नेपाल सरकारको नेतृत्वदायी भूमिका हुने भए पनि सरकार एक्लैको प्रयासबाट मात्र पूँजीगत खर्च प्रभावकारी बन्न सक्दैन। त्यसैले राजनीतिक दल, कर्मचारीतन्त्र, निर्माण व्यवसायीहरू, नागरिक समाज तथा आमसंचार समेतको सहकार्य उत्तिकै आवश्यक देखिन्छ ।

*अनलाईनखबरबाट साभार ।*

## फेसबुक...............

प्राय: पुरुषप्रधान छ । यसका
ऐतिहासिक कारण छन् ।
महिलालाई शतप्रतिशत मान्ने
विचारले हेरियो भने मात्र
महिलामुक्ति सम्भव छ । अर्धाङ्ग
अर्धाङ्गिनी फर्मुलाले पूर्ण
महिलामुक्ति सम्भव छैन । महिला
तथा पुरुष दुवैलाई शतप्रतिशत र
स्वतन्त्र अस्तित्वका रूपमा बुझ्नु र
बुझाउनु वर्तमानको समतामूलक
समाजको अपरिहार्य तत्त्व हो ।
त्यसैले विचारमा प्रस्ट भएर अब
साहित्य सिर्जना गर्न अनुरोध
गर्दछु । विचार भन्नु कुनै
राजनीतिक सिद्धान्त मात्र होइन
बरु आफूले चाहेको समाज निर्माण
गर्न गरिने/लेखिने प्रयत्न हो ।
अन्त्यमा, विष्णु ! यो कृति निकै
राम्रो बनेको छ । मैले मजाले
पढेको छु । पाठकलाई यो कृति
अब्बल लाग्ने कुरामा मलाई शङ्का
छैन । त्यसैले यो कृतिको
सफलताको शुभकामना तथा अर्को
झन् परिपाक पुगेको
लघुकथासङ्ग्रहको अपेक्षा गर्छु ।
किनभने अर्को-अर्को कृति पढ्न
पाउनुपर्छ भन्ने कुरा पाठकको
अधिकार हो भने अन्य स्तरीय
कृति सिर्जना गर्नु स्रष्टाको दायित्व
हो ।
अब चाहिँ साँच्ची अन्त्यमा छु ।
जिन्दगीका जस्केलामा भेट भयो ।
यो लघुकथासङ्ग्रहले भेट गरायो ।
समयले भौतिक भेट पनि गराउने
छ विष्णु । अग्रगामी सामग्री
पस्किन सक्नू । यही शुभ कामना
छ ।
जय लघुकथा

*साहित्यपोष्टबाट साभार ।*

## बागलुङका..........

सूचीमा सुचिकृत गरिएको छ ।

स्वास्थ्य कार्यालय बागलुङमा शुन्य संक्रमित भएको वडालाई न्युन जोखिम एकदेखि सात जनासम्म संक्रमित भएको वडालाई मध्यम जोखिम र सात जना भन्दा बढी संक्रमित भएको वडालाई उच्च जोखिमको सुचीमा राख्ने गरेको छ ।

स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक देवप्रकाश घिमिरेका अनुसार बागलुङ नगरपालिका वडा-२ मा एक, वडा-३ मा दुई, वडा-४ मा १, वडा-५ मा एक, वडा-११ मा एक र वडा-१३ मा ३ जना संक्रमित छन् ।

अधिकांस संक्रमितलाई कडा लक्षण नभएको हुँदा घरमै बस्न आग्रह गरेको स्वास्थ्य कार्यालयका प्रमुख गुरौको भनाई छ । घरमा रहने संक्रमितलाई सम्बन्धीत स्थानीय तहका स्वास्थ्यकर्मीले आवश्यक निगरानी, स्वास्थ्य सरसल्लाह दिने गर्छन ।

## गाउँपालिकाको.....

छैन' गाउँपालिका अध्यक्ष अमर थापाले भन्नुभयो 'हिउँदे अधिबेशन, गाउँसभाले कामको समिक्षा, उपलब्धीको मुल्याकंन र बाँकी कार्याकालका लागि योजना बनाएको छ ।'

गाउँसभामा गाउँपालिका अध्यक्ष अमर थापाले प्रस्तुत गरेको १० पृष्ठ लामो प्रगति प्रतिवेदन तथा उपाध्यक्ष अर्जुन बहादुर खत्रीले प्रस्तुत गरेको आर्थिक प्रगति प्रतिवेदन लागयतका प्रस्तावहरु गाउँसभाले पारित गरेको छ । गत असोजमा भएको नवौं गाउँसभाले पारित गरेको बजेटको आकार दशौं गाउँसभाले बढाएको छ । ५३ करोड ३१ लाख रुपैयाँको बजेटमा डेढ करोड रुपैयाँ सञ्चित कोषको रकम थप भएपछि बजेटको आकार बढेको हो । सञ्चीत कोषमा जम्मा भएको झण्डै डेढ करोड रुपैयाँ थप भएको संशोधन प्रस्ताव गाउँसभाले पारित गरेको हो ।

आठ वडा रहेको गाउँपालिकाले थपिएको बजेटबाट प्रत्यक वडामा दशलाखको कुनै एक योजनामा मात्रै काम गर्नेगरी बजेट बिनियोजन गरेको अध्यक्ष थापाले जानकारी गराउनुभयो ।

गाउँसभामा प्रगति प्रतिवेदन प्रस्तुत गर्दै थापाले जनचाहना अनुसार बितेको पाँच बर्षमा काम गरेको दावी प्रस्तुत गर्नुभयो । कोरोना महामारी, दैविक प्रकोपाको चुनौतीका बीच तल्लो तहमा पुगेर गाउँपालिकाले काम गरेको उहाँले दावी प्रस्तुत गर्नुभयो । बेरुजु कम हुने गाउँपालिकाको रुपमा चर्चा पाउनु, प्रविधिमा अव्वल गाउँपालिका ठहरिनु, कृषि पर्यटन, पूर्वाधार, शिक्षा, स्वास्थय र सामाजिक बिकासका क्षेत्रमा अन्य पालिकाका भन्दा अव्वल कार्यक्रम सञ्चालन भएको प्रतिवेदनमा उल्लेख छ ।

गाउँसभाका सदस्यहरुले गाउँ कार्यपालिकाको प्रशासनीक भवन निर्माण हुन नसकेको बिषयमा प्रश्न उठाएका थिए । गाउँपालिकाले कार्यदल बनाएर जग्गा व्यवस्थापन र भवन निर्माणको कामका लागि काम गरिरहेको अध्यक्ष थापाले जानकारी गराउनुभयो ।

गाउँसभामा विपत् व्यवस्थापन समितिका संयोजक खडक थापा, सार्वजनिक सेवा तथा क्षमता बिकास समितिका संयोजक टिका संगम बि.क., विद्यायक समितिका संयोजक चित्रकला छन्त्याल, आर्थिक समितिका संयोजक युक्त प्रसाद कँडेल, पूर्वाधार विकास समितिका संयोजक प्रेम लामिछाने र सामाजिक बिकास समितिका संयोजक विद्यापति शर्माले प्रतिवेदन माथि आफ्ना भनाई राख्नुभएको थियो ।

## ढिला.....................

उत्तरजंगा परियोजना सुरुवात हुन सकेको छैन ।

बैठकले पार्टी कार्यालय निर्माण गर्ने निर्णय गरेको सचिव हरिहर शर्माले बताउनुभयो । जिल्ला सदरमुकाम भित्र नै जग्गा व्यवस्थापन गरेर कार्यालय निर्माण गर्न आर्थिक अभियान सुरु भएको छ । अभियानको सुरुवातमा सात लाख ६२ हजार १५१ रुपियाँ संकलन भएको छ ।

पार्टी जिल्ला सदस्य धर्मबहादुर क्षेत्रीले दुई लाख ५० हजार, क्षेत्र नम्बर १ का सभापति चण्डीप्रसाद शर्माले दुई लाख एक हजार १५१, जिल्ला सदस्य तेजेन्द्र विक्रम कुँवरले एक लाख, कृष्णबहादुर घिमिरेले एक लाख र टिकाबहादुर थापाले एक लाख ११ हजार रुपियाँ सहयोग गर्नुभएको छ । जिल्लामा कुनै पनि राजनीतिक पार्टीको आफ्नो पार्टी कार्यालय छैनन । दलहरुले व्यक्तिगत घर भाडामा लिएर पार्टी कार्यालय सञ्चालन गर्दै आएका छन् ।


जाडोबाट बच्न निम्न उपायहरु अवलम्बन गरौं ।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड